# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या : २०७५/०७६
चलानी नं.: १२८४

मितिः- २०७५/१२/१९

विषय :- न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार, श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा संचालनमा ल्याइएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको १०० दिन बराबरको न्युनतम रोजगारमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिले ,तोकिएको ढाँचामा आफु स्थायी बसोबास गर्ने सम्बन्धित वडा कार्यालयमा, २०७६ बैशाख १० भित्र निवेदन दिन अनुरोध गरिन्छ ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ अनुसार बेरोजगार व्यक्ति भन्नाले एक आर्थिक बर्षमा न्युनतम एक सय दिन रोजगारीमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारीमा संलग्न नरहेको १८ बर्षदेखि ५९ बर्ष उमेर समुहका नागरिकलाई तोकिएको छ ।

यस सम्बन्धी बिस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट पनि हेर्न सकिन्छ ।

............

खगेन्द्र गिरी
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत